नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४४११०७४, ४४११५३७
४४११७६८, ४४१९५०१
४४५७७५, ४४३४११९
४४३९३६२

फ्याक्स (९७७-१)-४४४३९०३
पोष्ट बक्स नं. २५०७
सानोगौचरण
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२।८३
च. नं. :- ६४५

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मितिः २०८२/०७/१४

श्री गोपाल प्रसाद वन्जारा,
काठमाडौँ-१५, नेपाल।
फोन नः ९८५१३२८९६५ (परामर्शदाता)

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित गोब्रे गड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरु पेश हुन बाँकी देखिएकोले सो विवरणहरु विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १०(३) बमोजिम <u>पैतिस (३५)</u> दिनको समयावधि भित्र पेश गर्नुहुन मिति २०८२।०७।१३ को निर्णयानुसार अनुरोध छ।

१. प्रस्तावित आयोजनाको जडित क्षेमता ५ मेगावाट भन्दा बढी हुने देखिएकोले विद्युत नियमावली, २०५० को अनुसूची-११ मा उल्लिखित थप सर्वेक्षण अनुमतिपत्रको दस्तुर
२. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा ८ बमोजिम प्रवर्द्धकको आर्थिक क्षमता वा हैसियत पुष्टि हुने गरी विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात विवरणहरू।
३. नेट वर्थ तयार गर्ने सिए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि।
४. परामर्श दातृ संस्थाको संथा दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ .व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि।
५. आयोजाना अध्ययन गर्ने सम्बन्धमा परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।
६. परिमार्जित डेस्क स्टडी प्रतिबेदन (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।
७. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको परिमार्जित सक्कल स्थलरूप (टोपो) नक्शा।
८. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण, पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नम्बर (कार्यालय र निवास), मोबाइल नम्बर, फ्याक्स नम्बर, पोष्ट बक्स नम्बर तथा इमेल ।

(पोष्टराज पौडेल)
इन्जिनियर